**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np

**कर्पोरेट कार्यालय बनेपा, काभ्रे**

पत्र संख्याः १८८/२०८१/०८२ मितिः २०८१/१२/१०

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

**विषयः १४औं र १५औं वार्षिक साधारण सभा सम्पन्न तथा हकप्रद शेयर सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको १४औं र १५औं वार्षिक साधारण सभा मिति २०८१/१२/०८ गते शुक्रवारका दिन काभ्रेपलान्चोक जिल्लाको धुलिखेल स्थित मिरावल होटल एण्ड रिसोर्टमा सम्पन्न भएको र उक्त सभाद्वारा साधारण सभामा विषेश प्रस्तावको रुपमा पेश भएको विषेश प्रस्तावको प्रस्ताव नं १ अन्तर्गत रहेको ***"नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम प्रदेश स्तरको बिकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गर्न पहिलो चरणमा हाल कायम रहेको चुक्ता पुंजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर दिने) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने"*** प्रस्ताव रहेकोमा उक्त प्रस्ताव उपर छलफल हुँदा उपस्थित शेयरधनीहरुले प्रस्तावित २ : १ अनुपात को सट्टामा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्ति पश्चात् प्रदेश स्तरको बिकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गर्ने गरी हाल कायम रहेको चुक्ता पुंजीमा १ : १.१६ (प्रत्येक १ शेयरमा १.१६ हकप्रद शेयर दिने) अनुपातको हकप्रद शेयर जारी गर्नको लागि नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिई हकप्रद शेयर जारी गर्न सञ्चालक समितिलाइ अख्तियारी प्रदान गर्ने निर्णय साधारणसभामा सर्वसम्मतबाट पारित भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

त्यसैगरी बिशेष प्रस्तावको प्रस्ताव नं. २ अन्तर्गत रहेको *"सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ति (Aquisition) गर्ने सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पूरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।"* प्रस्ताव समेत सर्वसम्मतबाट पारित भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

बोधार्थ
श्री धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, बित्तीय संस्था सुपरिबेक्षण विभाग वालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा बित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।

...................
(पुस्कर जि.सि.)
कम्पनी सचिव